आज मिति २०८० साल भदौ ५ गते तदनुसार ( August 22, 2023) मंगलवार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा तपसिल बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु बहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम बहादुर बलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री पूर्ण बहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी बि.क. | कार्यपालिका सदस्य | |
| श्री बाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री छविलाल राई | प्र.प्र.अ./ सचिव | |

अन्य उपस्थिति:

हस्ताक्षर

१. श्री टेक प्रसाद बास्तोला ८ नं. वडा कार्यवाहक वडाध्यक्ष -

प्रमाणित

२०८० भदौ ५ गते तदनुसार August 22, 2023 मंगलवारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. व्यवसाय दर्ता शिविर प्रतिवेदन तथा समीक्षा सम्बन्धमा ।
२. पालिका लोगो पारित सम्बन्धमा ।
३. आ.व. २०८०/८१ को दररेट कायम गर्ने सम्बन्धमा ।
४. नेपाल सरकारको निशुल्क उपचार कोषबाट रु.१ लाख छुटको सिफारिस गरिएको बिरामीलाई आर्थिक सहायता सम्बन्धमा ।
५. नापी कर्मचारी अमिन सहायक स्तर चौथो तह सरहको करार सेवा गर्ने सम्बन्धमा ।
६. उपभोक्ता समिति गठन तथा अभिमूखीकरण सम्बन्धमा ।

बैठकका निर्णयहरु:

**निर्णय नं.१:** यस मानेभन्ज्याङ गाउँपालिकाको मुख्य बजार क्षेत्रमा सञ्चालनमा रहेका व्यवसायहरु दर्ता तथा नवीकरण गर्ने साथै बजार अनुगमन तथा निरीक्षण पनि गर्ने प्रयोजनले यही भदौ १ गतेदेखि हर्कपुर, जयरामघाट, थाक्ले, मानेभन्ज्याङ र केत्तुके बजार क्षेत्रमा घुम्ति शिविर सञ्चालन गरिएकोमा सफल रुपमा शिविर सम्पन्न भैसकेकोछ।उक्त शिविर सफल पार्न लागि पर्नुभएका सम्पूर्णमा यो कार्यपालिका बैठकबाट गाउँपालिका हार्दिक आभार व्यक्त गर्दछ । साथै, शिविरबाट संक्षेपमा तपसिल अनुसारको विवरण प्राप्त भएकोछ ।

**तपसिल:**

भदौ १ गते हर्कपुर : नयाँ दर्ता ४१ र नवीकरण ९ वटा
२ गते जयरामघाट र थाक्ले : १५ वटा र ९ वटा
३ गते मानेभन्ज्याङ बजार : ४१ वटा
४ गते केत्तुके बजार: ४८ वटा

जम्मा १६३ वटा दर्ता तथा नवीकरण भएको । र कुल राजस्व ३ लाख ९६ हजार ६ सय ९० रुपैंया संकलन भएको । साथै मानेभन्ज्याङ बजार क्षेत्रमा समय अभावका कारण सबै व्यावसाय दर्ता गर्न नसकिएको हुँदा मिति २०८०/५/६ गते पुन: दर्ता शिविर सञ्चालन गर्ने निर्णय गरियो । अन्य वडामा रहेका व्यवसायहरुलाई पालिकाको कर्मचारी र वडाको समन्वयमा वडा कार्यालयमा गएर अनिवार्य दर्ता तथा नवीकरण गर्ने र सो को कार्यतालिका पछि निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** यस गाउँपालिकाले गत आ.व. २०७९/८० मा पालिका गान र लोगो निर्माण गर्नको लागी सूचना प्रकाशन गरी माग गरिएकोमा पालिका गान छनौट भैसकेको तर प्राप्त भएको लोगोहरु उत्कृष्ट र पालिकाको अवधारणा अनुसार नभएकोले व्यवसायिक रुपमा लोगो डिजाइनकर्ता युनि ग्राफिक्स एण्ड प्रिन्टिङ प्रा.लि. का सहदेव खाकीबाट निर्माण भएको लोगो आजको कार्यपालिका बैठकमा छलफल गरि पारित गरियो साथै

पारित भएको लोगो मानेभन्ज्याङ गाउँपालिकाको आधिकारिक लेटर प्याडको माथिल्लो किनाराको दायाँ किनारामा अंकित गरी प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.-३:** यस आ.व. २०८०/८१ मा जिल्ला दररेट निर्धारण समिति,ओखलढुङ्गाको मिति २०८०/३/२८ को बैठकबाट निर्धारण गरेको दररेटलाई नै यस गाउँपालिकामा कायम गरी लागू गर्ने निर्णय सर्व सम्मत गरियो ।

**निर्णय नं.४:** नेपाल सरकारको निशुल्क उपचार कोषबाट रु.१ लाख छुटको सिफारिस गरिएको बिरामीलाई यस गाउँपालिकाको अन्य सामाजिक सहायता बजेट शीर्षकबाट रु. १५,०००/- (पन्ध्र हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५:** यस गाउँपालिकाको लागि जग्गा नापजाँच गर्न, घर नक्सा पास गर्न तथा अन्य प्रयोजनको लागि १ जना नापी कर्मचारी अमिन ( सहायक पाचौं स्तरको) आवश्यक परेको हुँदा सेवा करार गरी आवश्यक पदपूर्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** यस मानेभन्ज्याङ गाउँपालिकामा आ.व.२०८०/८१ मा उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुको लागि उपभोक्ता समिति गठन मिति २०८० साल भदौ मसान्तसम्म गरी पालिकामा समितिको विवरण पेश गर्ने निर्णय गरियो । अभिमूखीकरणको लागि आवश्यक कागजात, निवेदनको ढाँचाहरु पालिकाको सम्बन्धित शाखाहरुबाट तयारी गरी वडा कार्यालयलाई उपलब्ध गाराउने निर्णय गरियो ।